नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, खोटाङ
(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

पत्र संख्याः २०८१/०८२ मितिः २०८१/१२/११
चलानी नम्बरः नेपाल संवतः ११४५

O/C

# घर भाडामा लिने सम्बन्धी सूचना।

(सूचना प्रकाशन मितिः २०८१/१२/११)

यस तथ्याङ्क समन्वय कार्यालय, खोटाङको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ९, नियम ९४ बमोजिम घर भाडामा लिनुपर्ने भएकोले तपशिल बमोजिमको न्यूनतम मापदण्ड भएको घर भाडामा दिन इच्छुक घरधनीले नागरिकता प्रमाणपत्रको प्रतिलिपी, घरधनीको जग्गाधनी लालपुर्जाको प्रतिलिपी, घरको स्वीकृत नक्साको प्रतिलिपी, चालु आर्थिक वर्षमा घरजग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी समेत संलग्न राखी आफूले लिन चाहेको घरको भाडा रकम (घर बहाल करसहित) उल्लेख गरी रु. १० को हुलाक टिकट टाँस गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन (मिति २०८१ साल चैत्र १७ गते आइतबार दिनको ५:०० बजे) भित्र यस कार्यालयको प्रशासन शाखामा आइपुग्ने गरी **खामबन्दी निवेदन** पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

१. खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजार क्षेत्रभित्र भएको र आर.सि.सि. भवन भएको,
२. कार्यालय संचालनको लागि न्यूनतम १० फीटX१० फीटको कम्तीमा १५ वटा भन्दा बढी कोठा भएको,
३. सोलार जडानका लागि छतको व्यवस्था भएको,
४. बिजुली बत्ती र खानेपानीको व्यवस्था भएको,
५. प्रत्येक तलामा चर्पी, बाथरुमको व्यवस्था भएको,
६. सुरक्षाको दृष्टिकोणले सरकारी कार्यालयहरु भएको स्थान,
७. मोटरेबल बाटो भएको,
८. दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनको पार्किङ सुविधा भएको,
९. भवन निर्माण सम्पन्न भएको प्रमाण पत्र भएको,
१०. अन्य शर्त र व्यवस्थाका सम्बन्धमा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ।
११. घर भाडाको दर रेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ।
१२. प्रचलित कानून बमोजिम परेका निवेदन बमोजिमको घर भाडामा लिने नलिने अधिकार कार्यालयको हुनेछ।
१३. भाडामा लिने घरको घर बहाल कर प्रचलित नियमानुसार हुनेछ।

नोटः यस सूचनामा निर्धारित समयभन्दा पछि प्राप्त निवेदन दर्ता तथा कारबाही नगरिने व्यहोरा जानकारी गराइन्छ।

बिमल कुमार यादव
तथ्याङ्क अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ
(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

पत्र संख्याः २०८१/०८२ मितिः २०८१/१२/११
चलानी नम्बरः ९६२ नेपाल संवतः ११४५

विषयः सूचना टाँस गरिदिने।

श्री जिल्ला प्रशासन कार्यालय, खोटाङ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, खोटाङ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ।
श्री मालपोत कार्यालय, खोटाङ।

मिति २०८१/१२/११ गते प्रकाशित सूचनाको लेटरप्याडमा भुलबस तथ्याङ्क समन्वय कार्यालय, खोटाङ हुनुपर्नेमा भोजपुर भएको हुनाले उक्त सूचनाको स्थानमा खोटाङ उल्लेख भएको सूचना टाँस गरिदिनहुन अनुरोध छ ।

..........
विमल कुमार यादव
तथ्याङ्क अधिकृत


फोन नम्बरः ०३६-५९०१०४ इमेलः scokhotang104@gmail.com